# まんがでわかる 航空業の安全衛生

नेपाली संस्करण
ネパール語版

## कमिकको साथ बुझ्नुहोस्
## उड्डयन उद्योगको सुरक्षा र स्वास्थ्यबारे









## व्यावसायिक दुर्घटनाहरूको सङ्ख्या

| | | |
|---|---|---|
| १ | झुक्किएर/जबर्जस्ति गरेर | ९९ जना |
| २ | लडेर | २८ जना |
| ३ | यातायात दुर्घटनाबाट (सडक) | २४ जना |
| ४ | क्र्यास / गिरावटबाट | १९ जना |
| ५ | ठोक्किएर | १७ जना |

सन्दर्भ: केन्द्रीय व्यावसायिक दुर्घटना रोकथाम सङ्घ
"व्यावसायिक दुर्घटना विश्लेषण डेटा / एयरलाइन सबटोटल (सन् २०१८)" (अगस्त २०१९ मा संशोधन गरिएको)


त्यही त।
धेरै प्रकारका केस छन्।
उदाहरणको लागि…
गर्न नहुने तरिकाले भारी वस्तु उठाउँदा
ढाड सड्किने समस्या हुन सक्छ।
भित्र र बाहिर काम गर्दा गर्मीयाममा
हिटस्ट्रोक भएर ढल्न सक्छ।
यी सबै
हाम्रो दैनिक जीवनमा
घट्न सक्ने कुरा हुन्।
हो त नि।
आफ्नो ज्यान आफैले बचाउनु
महत्त्वपूर्ण छ।


उड्डयन व्यवसायमा समूहमा
मिलेर काम गर्नुपर्छ है?
त्यसकारण
लिडरको निर्देशनहरू राम्ररी सुनेर निर्धारित
नियम अनुसारै पालन गर्नुपर्छ।
ए हो र!
हाहाहा
तर साँच्चै भन्नुपर्दा, अलि
झ्याउ लाग्दो हुन्छ।
रिसले चुर हुँदै...
हुँ?
रिसले चुर हुँदै...
नियम भनेको
सबैको रक्षा गर्नको
लागि हो है!
ह... हस् !
घ्वांग....


उड्डयन उद्योगमा काम गर्दा हाम्रा ग्राहकहरूको जीवन हाम्रो हातमा हुन्छ। त्यसैले हामीले गर्ने काम एकदमै महत्त्वपूर्ण छ। नियमहरू राम्ररी पालन गर्दा हामी आफ्नो र हाम्रा ग्राहकहरूको अमूल्य जीवन बचाउन सक्छौँ।
यसरी ज्यानको रक्षा गर्नका लागि पहिला हामी आफै स्वस्थ हुनुपर्छ जस्तो तिमीलाई लाग्दैन?
ठूलो चोटपटक लगेर काम गर्न नसक्ने भयौँ भने परिवारका सदस्यहरू पनि चिन्तित हुन्छन् अनि आम्दानीको हिसाबले पनि मर्का पर्छ।
त्यसैले नियम पालन गर्नु अत्यन्तै महत्त्वपूर्ण छ।
वरिपरि राम्रोसँग हेरेर, निश्चित प्रक्रियाको साथ सही रूपमा काम गर्नुपर्छ।
काम सुरू गर्नुअघि सुरक्षित उपकरणहरू ठीक अवस्थामा छन् कि छैनन् भनेर पक्का गर्नुपर्छ।


अरु पनि कस्ता केसहरू छन् ?
प्लेन भित्र सरसफाइ गर्दा, सीटको टेबलमा हात च्याप्पिने,
काम गर्न भित्र जाँदै गर्दा भर्‍याङ्बाट चिप्लेर लडेको केसहरू पनि छन्।
ए... बुझेँ।
カチッ……
कट्याक...
त्यसोभए,
ガーーッ
स्क्रिन खुल्छ...
ओहो!
ल, अब वास्तविक घटनास्थलमा
जाऔँ।
1
जिजी

# केस १


हुँईँईँईँई....
सु
ड्याङ्ग....
अँ, आज अलि गर्मी छ है ।
अलि रे!!! एकदमै गर्मी छ नि।


कस्तो तातो भएको!
झन् त्यसमाथि यात्राको सिजनले गर्दा सामानको सङ्ख्या पनि धेरै छ।
सामान मिलाएर राखिएको छ
ए, ब्रेक टाइम भयो।
आज धेरै गर्मी भएकोले गर्दा बेला बेलामा पानी पिउनु है।
शरीरलाई चिसो पार्ने सामान पनि छ है।
धन्यवाद।
शितल ठाउँमा आराम गर्नु नि।


तिमी आराम गर्दैनौँ?
चाँडै यो काम सिध्याउन चाहान्छु।
यो ठाउँसम्मको काम चाहिँ नरोकिकन सिध्याउनुपर्ला।


ओहो!!!
एकदमै गाह्रो पो हुँदैछ...!
अब भने बल्ल सकिने भो है!
अब अलिकति मेहेनत गर्‍यो भने त...
चक्कर लाग्छ...


बड्ल्याड्ग लड्छ
ए भाइ...
भाइ...
ए भाइ ठिक छ
तिमीलाई?
医務室
प्राथमिक उपचार विभाग
यो हल्का हिटस्ट्रोक
जस्तो देखिन्छ।
केहि समयको लागि दिउँसो
आराम गर।
ठूलै कुरा हुनबाट जोगिएर राम्रो भयो है।
हिटस्ट्रोक नहुन दिनलाई नि...


पटक पटक
पानी अनि नुनिलो पदार्थको
सेवन गरिराख्नुपर्छ ।
नुनिलो क्यान्डी
शितल ठाउँमा आराम
गर्नुपर्छ।
!HELP!
आफु लगायत सँगै काम
गरिरहेको कामदारको शारीरिक
अवस्था यदि चिन्ताजनक जस्तो
लाग्यो भने तुरुन्त रिपोर्ट गर्नुपर्छ।
पर्याप्त मात्रामा सुत्नुपर्छ
अनि अचाक्ली रक्सी सेवन
गर्नुहुँदैन।
बुझ्यौ नि?
हस्...
ध्यान पुर्‍याउँछु।
हिटस्ट्रोकको बारेमा थप जानकारीका लागि
सबैथरिको उद्योगको परिचय दिइएको कमिकमा
हेर्नुहोस्।

# केस २


ल त त्यसोभए जहाज भित्र सफाई सुरु गरौँ ।
हस् !
सबैजना भित्र जादै
ए !
अँ साँच्चै, हिजोको बेसबल गेम हेऱ्यौ?
ओइ !!


भऱ्याङ चढ्दा मुख्य गरि तीन वटा कुरामा ध्यान दिनुपर्छ।
* दुबै हातले रेलिङ्गमा समातेर एक खुट्टा राखेर माथि चढ्ने। सामान छ भने एक हातले रेलिङ्गमा समाउने।
माफ गर्नुस्
रेलिङ्ग प्रयोग गरेन भने लड्ने सम्भावना पनि हुन्छ।
आज पनि हरेक टीम व्यस्त जस्तो देखिन्छ नि...
ल त, अब सुरु गरौँ !


チクッ
च्वाच्च...
ऐया !!
ठिक छ !?
सिटको पकेटमा भएको तीखो
चीजहरूले हातमा
घोच्यो जस्तो छ ...
लिडरलाई भनेको राम्रो हैन त?
हजुर त्यो त हो...
हैन...
त्योभन्दा पनि छिटो
काम सकाउनुलाई
प्राथमिकता दिने कि ?


अनि औँलाको चोटलाई के गर्ने त?
अब त लिडरलाई
भन्नै पऱ्यो!
ड्
ठिक छ?


ए त्यस्तो पो...। हतरिएकोले गर्दा ठोक्किएको हो।
अलि फरक महसुस गरेर लिडरलाई भन्ने की भन्ने सोचेको त सहि थियो। सरुवा रोगहरू पनि डरलाग्दो भएकोले।
गल्ति भयो...।
अनि जहाज भित्र सफाई गर्ने कामदार मात्र नभएर अरु काम गर्ने स्टाफ पनि हुन्छन्।
वरिपरि राम्रो सँग हेरेर परिस्थिति बुझौँ।
OK!
थोरैमात्र हेल्चक्र्याईं गऱ्यो भने पनि कामदारहरू आपसमा ठोक्किएर दुर्घटना हुनसक्छ।
म जान्छु।
NG!
अनि सीट पकेटमा तिखो घोच्ने वस्तुहरू हालिएको हुनसक्छ। त्यसैले सावधानीपूर्वक जाँच गर्नुपर्छ।
प्राथमिक उपचार विभागमा जाऊ।
हस्।
अनि स्वास्थ्यकर्मी कहाँ गएर मलमपट्टी गरिसकेपछि आफ्नो गल्ती महसुस हुन्छ।

# केस ३


आज चाहिँ विमान सफा गरौं।
हस् !
मपको सङ्ख्या पर्याप्त छ त ?
छ, ठिक छ ।
सुरक्षात्मक चश्मा, तयार छ।
पन्जा पनि ठिक छ।


सफा गर्ने सामान, ठिक छ।
पुरै शरीरको हार्नेस (सुरक्षाको लागि लगाउने बेल्ट) पनि ठिक छ।
ल! अब त सब ठिक छ।
अब छिट्टै सकाइहाल्नुपर्‌यो।
होस् पुर्‌याएर काम गर है।
घ्वार्र... घ्वार्र...
ट्वांग ट्वांग ट्वांग
पुरै शरीरको हार्नेस राम्ररी कस्सियो। यो पनि ठिक छ।


ल त, अब काम सुरु गरौँ है।
कस्तो फोहोर है?
त्यही त, राम्रो सँग पुछ्नुपर्छ।
तर...


जहाजको माथिपट्टि भएको फोहोर त्यति राम्रो सँग देखिँदैन।
मप अलि माथिसम्म पुगेन...
सुन त! सुरक्षा चश्मा लगाऊ है, यो पनि एउटा नियम हो।
आँखामा डिटर्जेन्ट छिर्न सक्छ नि!
ए, तर फोहोर त...।
ए ए !!
ट्याक... ट्याक...
ट्याक...


ठिक छ!?
ला...डिटर्जेन्ट आँखामा छिऱ्यो।
जाऊ, तुरुन्तै आँखा धोएर आऊ!
लिडरलाइ चाहिँ म भनिदिउँला।
ऐया ।
पानीले आँखा सफा गर्दै...
अझै आँखामा अलि अप्ठ्यारो महसुस भइराखेको छ ।
सुन त।


डिटर्जेन्ट आँखामा पस्यो भने आँखा सुन्निने अनि छेउछाउमा घाउ आउन पनि सक्छ।
एकदमै ध्यान पुऱ्याएर चलाउनुपर्छ।
अनि थप सुरक्षाको लागि सुरक्षात्मक चश्मा लगाएर आँखाको रक्षा गर्नुपर्छ!
याद राख, थप सुरक्षाको लागि सुरक्षात्मक चश्मा मात्र नभएर पन्जा अनि पुरै शरीरको हार्नेस पनि राम्ररी बाँध्नुपर्छ।
कामको लागि तोकिएको नियम राम्ररी पालन गर्नुपर्छ ।
सुरुमा प्राथमिक उपचार विभागमा गइहाल!
हस् ... माफ गर्नुहोस्।
धन्न विशेषज्ञलाई देखाएकोले गर्दा ठूलो हानी हुनबाट बच्यो।
ए...धन्न!


ला...
खतरा हामीलाई थाह भएकै ठाउँहरूबाट आउन सक्छ, बुझ्यौ नि हैन?
त्यसमा देखाएको मान्छेले गरेको मूर्ख काम देख्दा तिमीलाई कसैको याद आयो?
हँ? तिमीले के भन्न खोजेको?
काम गर्ने ठाउँ स्वस्थकर अनि सुरक्षित बनाउन सबैले राम्ररी सिक्न अनि नियम पालन गर्नु महत्त्वपूर्ण छ।
अनि त्यसपछि......


व्यवसायिक दुर्घटनाहरू आफ्नै लापर्वाहीले गर्दा हुन सक्छ।
नियम पालन गर्नु भनेको आफ्नो "शरीर", "परिवार" अनि "जीवन"-लाई जोगाउनु हो भन्ने कुरा याद गर्नुहोस्।
केहि भइहालेको अवस्थाको लागि
जहिले पनि सहकर्मीहरूसँग राम्रो सम्बन्ध राखिराख्नु एकदम महत्त्वपूर्ण छ।
ल !
अबदेखि स्वास्थ्य अनि सुरक्षाको ख्याल गरेर दिनदिनै राम्ररी काम गर्छु।
ठीक

राम्ररी नियम पालन गरौँ।

# उड्डयन उद्योगमा होसियार हुनुपर्ने कुराहरू

(जहाज बाहिरका लागि)



## १ सडक नियम पालन गरौँ




## २ खतरा भएको ठाउँमा प्रवेश निषेध




## ३ मौसम (हुरीबतास र चट्याङ्ग) बाट सावधान!




## ४ हिटस्ट्रोकबाट सावधान!



# उड्डयन उद्योगमा होसियार हुनपर्ने कुराहरू

(जहाज भित्रको लागि)



## ५ टक्करबाट सावधान!



## ६ देशन नभएको सामान तथा उपकरण नछुने




## ७ च्याप्पिनबाट सावधान!



कमिकको साथ बुझ्नुहोस्
**उड्डयन उद्योगको सुरक्षा र स्वास्थ्यबारे**

सन् २०२० मार्चमा प्रकाशित

प्रकाशित: स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालय

इन्तजाम: Mizuho Information & Research Institute, Inc.
पर्यवेक्षण: व्यावसायिक सुरक्षा र स्वास्थ्य शिक्षण सामग्री तयारी पदोन्नति समिति,
उड्डयन उद्योगको सुरक्षा शिक्षण सामग्री बनाउने कार्य
उत्पादन: Sideranch Inc.

厚生労働省
Ministry of Health, Labour and Welfare

यस कागजातको बारेमा सोधपुछ गर्नुपरेमा
स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालय श्रम मानदण्ड ब्युरो
सुरक्षा र स्वास्थ्य विभाग सुरक्षा विभाग